Visit Dwarkadheeshvastu.com For
FREE Vastu Consultancy, Music, Epics, Devotional Videos
Educational Books, Educational Videos, Wallpapers
****
All Music is also available in CD format. CD Cover can also be print with your Firm Name
****
We also provide this whole Music and Data in PENDRIVE and EXTERNAL HARD DISK.
Contact : Ankit Mishra ( +91-8010381364, dwarkadheeshvastu@gmail.com )

****

# SANTOSHI MATA KO VRAT KATHA

# (Nepali)

****

।।श्रीः।।

# सन्तोषी माता अर्थात् शुक्रवारको पूजाविधि

पहिले दीप, कलश, गणेशको पूजा संक्षेपमा गर्नू–अनि कलशमाथि सुनको प्रतिमा अथवा तामाको, कुनै तस्वीर ( फोटो ) राखे पनि हुन्छ। व्रतको विशेषता हो-दुख दरिद्रको नाश, शान्ति सुखको प्रकाश ( उदय ) धन-धान्यको लाभ, शोक-विपत्तिको नाश, केवल सन्तोषी माताको सेवा र 'जय संतोषी माता! हजुरको जय होस्।' यति मात्र भन्दै रहे पनि मनोकामना पूर्ण हुन्छ।

संतोषी माताको कथा भन्ने विधि-संतोषी माताका पिता गणेशजी माता ऋद्धि-सिद्धि, धन-धान्य र समस्त रत्नहरूले भरिए को महल, सुख-शान्तिको प्रकाश, सन्तान सुख व्यापारमा लाभ, नोकरीमा पदोन्नति आदि सबै कामना पूर्ण हुनेछ। कथा भन्ने र सुन्ने सबै बालक -वृद्ध, नर-नारी सबैले हातमा गुड़-चना लिएर संतोषी माताको जय-जयकार गर्दै संपूर्ण कथा भक्तिपूर्वक सुनिसकेर हातमा लिएको गुड़ र चना कुनै गाईलाई खानदिनू। कथा प्रारम्भ गर्नुभन्दा अगाडि जुन गुड़ चना कलशमाथि रखिएको थियो, त्यो सबैले माताको प्रसाद बाँडेर खानु र ख्वाउनू। कलशको जल सबैको शरीरमा र घरमा पनी छर्किदिनू। रहेको जल कुनै पवित्र स्थानमा सेलाउनू। गुड़-चना घरमा छ भने त्यही लिए हुन्छ, नभए सवाई अर्थात् सवा पाँच पैसा, सवा पाँच रुपिया जो शक्ति छ त्यसैले किन्नु, किनकि संतोषी माता नाम अनुसार नै संतोष मान्ने हुनुहुन्छ। उहाँ धेरै र थोरैतिर नलागेर भक्तको भावनामा विचार गर्नुहुन्छ। उत्तम भावना छ भने तत्काल इच्छित फल दिनुहुन्छ। त्यस व्रतको उद्यापन ( सांगे ) गर्दा शक्ति अनुसार अढाई सेर जति खाजा, दाउन हालेर बनाएको पूरी, खीर, चना र साग नैवेद्य चढाउनु। घिउको बत्ती बालेर जय-जयकार गर्दै पानी भएको नरिवल फोर्नू। त्यस दिन त्यो घरमा कसैले पनि अमिलो नखानु र अरूलाई पनि खान नदिनु। व्रतको उद्यापनमा आठ जना बालकलाई डाकेर भोजन गराउनुपर्दछ। आफ्नै देवर-जेठाजूका छोराहरू भए उत्तम हो, नभए अरु-बान्धव अथवा इष्ट-मित्र छिमेकीका भए पनि हुन्छ, तिनैलाई भोजन गराउनु। अनि दक्षिणामा रुपिया-पैसा नदिएर कुनै ऋतु अनुसारको फलनै दक्षिणामा

दिनु। आफूले एक छाक हविष्य खाएर बस्नु। यसरी उद्यापन गर्नाले संतोषी माता प्रसन्न भएर वरदान दिई इच्छापूर्ण पारिदिनु हुन्छ। मनमा विश्वास राख्नु आवश्यक छ।

## कथा प्रारम्भः

यौटी बूढी थिइन्, तिनका सात भाई छोराहरू थिए। तिनमा छ भाई कमाउने र यौटा कांछो चाहि हरिलट्ठुक थियो। बूढी आमा सबैलाई भात पकाएर खान दिन्थिन्। ती छ भाईले खाएर रहेको पूरा जम्मा पारेर कांछो हरिलट्ठुकलाई दिन्थिन्। त्यो सोझो हुनाले कुनै कुराको पनि विचार गर्दैनथ्यो। केही दिन बितेपछि एक दिन त्यसले आफ्नी स्त्रीलाई भन्यो–'हेर! हाम्री आमाको हामीहरूप्रति कस्तो प्रेम छ!' पत्नीले भनी–'अहो! कस्तो माया प्रेम! त्यसैले सवैको जूठो पूरा-भात बचेको जम्मा पारेर तिमीलाई खान दिन्छिन्।' उसले भन्यो–'तिमीले के भनेकी? यस्तो कहिल्यै हुन सक्तैन!

म आँखाले प्रत्यक्ष नदेखिकन पत्यार मान्दिन।' त्यसकी बाठी स्वास्नीले हाँसेर भनी–'हुन्छ, देख्यौ भने त विश्वास गर्नैपर्नेछ।' उसको केही दिनपछि कुनै ठूलो पर्व पर्‍यो! आमाले घरमा अनेक प्रकारका मीठा-मीठा सामग्री तयार पारिन्। त्यो लठेब्रो आमाको चाला हेर्न कपाल दुखेको निहुँ गरेर पातलो लुगाले मुख ढाकी भान्सा घरमै पल्टियो र हेर्दै रह्यो। आमाले छ जना छोरालाई डाकेर मीठो-मीठो वस्तु थपी-थपी खान दिई। ती सबै खाएर उठेपछि त्यही जुठो बटुलेर यौटा लड्डू बनाई र त्यो छोरालाई भनी–'बाबू! उठ, कति सुतेका? दाजुहरूले खाइसके तिमी पनि खाऊ।' आमाको अनुचित व्यवहार त्यो सबै देखिरहेको थियो र भन्यो–'आमा! मलाई खान मन छैन। म परदेश गइरहेको छु।' आमाले भनी–'जा, भोलि जाने भए आजै जा!' उसले भन्यो–'हुन्छ, आजै जान्छु' भन्दै घरबाट निस्किएर हिंड्यो। ठीक त्यसै बखत पत्नीको सम्झना भयो र उ पनि बाटो हेरिरहेकी थिई। उसले नगीचै गएर भन्यो–

जाँदैछू परदेशमा फिर्नेछू कछु काल पछी। तिमी रहनु सन्तोषले, धर्म आफनो थामी ।।
त्यो बोली–जाऊ प्रिय! मेरो सोच हटाई। रहने छू ईश्वर प्रति, श्रद्धा प्रेम बढाई ।।
देऊ निशानी आफ्नू, हेरी मन धरूँ धीर। चिन्ता शोक त्यजी सबै राखे मन गम्भीर ।।

अनि त्यो लठेब्रोले भन्यो–'तिमीलाई निशानी दिने मसित अरु त केही छैन यो औंठी

छ, यही लेऊ र तिमी पनि मलाई आफ्नो कुनै चिह्न देऊ।' पत्नीले भनी–'मसंग के छ?
यो गोबर बटुलेको हात छ, यसैको चिह्न लगाइदिन्छु।' भनेर गोबर लागेको हत्केलाको
सं० छाप पतिको पीठमा लगाइदिई। अनि त्यो लठेब्रो परदेश हिंड्यो! जाँदा-जाँदा पर यौटा कथा
नगरमा पुग्यो र यौटा साहूको पसलमा पुगेर भन्यो–'महाशय! मलाई नोकरीमा राख्नु
६ होस्।' साहूलाई मानिसको खाँचो हुनाले भन्यो–'हुन्छ बस।' उसले सोध्यो–'साहूजी!
कति तलब दिनुहुन्छ?' साहूले भन्यो–'काम हेरेर दाम दिनेछु।' त्यसले साहूको
दोकानमा नोकरी पायो। त्यो बिहान सात बजेदेखि राती बाह्र बजेसम्म काम गर्न
थाल्यो। चाँडैनै पसलका माल-सामान लिने-दिने र हिसाब-किताब तथा
ग्राहकहरूलाई बेच्ने काम कुशलतापूर्वक गर्नलाग्यो। साहूका अरु पनि काम गर्नेहरू
थिए। ती सबै छक्क परे र सबैमा त्यो प्रधान बन्दै गएको देखेर साहूले तीन महीनामा
नै नाफामा आधा पाउने गरी हिस्सादार तुल्याइदियो। केही वर्षमा त्यो स्वयं प्रख्यात सेठ ६
भयो। अब मालिकले जम्मै काम उसैको जिम्मा दिएर आफू अर्को व्यापार गर्न शहर
बाहिर गयो।

उता त्यस लठेब्रोकी पत्नीको हाल भन्दछु–सासू र ससुरा बुहारीलाई अनन्त दुःख
दिइरहन्छन्। त्यो बुहारी घरको सारा काम सकेर जङ्गलमा दाउरा लिन जान्छे र दिनहुँ
सं० एक भारी दाउरा ल्याएर राखिदिन्छे। खान चाहिं पीठो चालेको भूसको रोटी र फुटेको कथा
नरिवलको आधा खबटामा पानी दिन्थी। यसै प्रकार त्यसका दुःखका दिन बितिरहेका
७ थिए। एक दिन त्यो दाउरा लिन गइरहेकी थिई बाटोमा धेरै स्त्रीहरू मिलेर सन्तोषी
माताको व्रत गर्न लागेको देखेर सोधी–'हे दिदी बहिनी हो! यो कुन देवताको व्रत गरेका
हौ? यो व्रतले के फल पाइन्छ? यसको विधि के छ, मलाई बुझाइदिनु हवस्। यसमा
ठूलो उपकार र निगाहा गरेको सम्झने छु।' त्यति सुनेर यौटी स्त्रीले भनी–यो सन्तोषी
माताको व्रत हो। यो व्रत गर्नाले दरिद्री धनी बन्दछ, लक्ष्मी प्राप्त हुन्छिन्, मनको अशान्ति
हराउँछ, घरमा सुख-शान्ति आउँछ, अपुत्रको पुत्र हुन्छ, पति परदेश गएको भए छिटै
घर फर्कन्छ, कुमारीले इच्छित वर पाउँछन् , मुद्दा लागेको भए जीत हुन्छ। मुख्य ७
कुरा–सन्तोषी माताको दया भयो भने कुनै कुराको पनि अभाव हुन्न। यसमा कुनै
प्रकारको शंका छैन।' त्यति सुनेर उसले फेरि सोधी–यो व्रत कसरी गर्ने, त्यो पनि

बताउनुहवस्।' त्यो स्त्रीले भनी–'यस व्रतमा सवा पाँच पैसा, सवा पाँच आना र सवा पाँच रुपियाँ अर्थात् जति धन लिए पनि सवाईको हिसाबले आफ्नो शक्ति अनुसार लिएर गुड़-चना किन्नु, शुक्रवार निराहार गरेर मात्र कथा सुन्नुपर्दछ। यसको नियम र क्रम टुटाउनु हुँदैन। कथा सुन्ने कोही पनि नभए घिउको बत्ती बाली सामुन्ने जलले भरिएको कलश राखी कथा सुन्नु, तर यसमा नियम टुटाउन हुँदैन। जबसम्म आफूले चिताएको काम पूरा हुन्न तबसम्म नियम पालन गर्नैपर्दछ। आफूले चिताएको काम पूरा भएपछि उद्यापन ( सांगे ) गर्नुपर्दछ। सके छिटै नभए पनि तीन महीनामा सन्तोषी माताले अवश्य काम पूर्ण पारिदिनु हुन्छ। कसैका ग्रह-दशा बर्ता बिग्रेका भए पनि एक वर्ष भित्रमा अवश्य इच्छा पूरा हुन्छ। कार्य पूरा भएपछि मात्र सांगे गर्नु बीचमा गर्न हुँदैन। सांगेमा अढाई सेर पीठोको खाजा र त्यही अनुसार खीर, चनाको तर्कारी बनाई आठ जना कुमारलाई भोजन गराउनु। सकेसम्म र पाएसम्म देवर-जेठाजूका छोरा, नमिले बन्धु-बान्धवका छोरा, ती पनि नपाए ब्राह्मणका कुमारहरू डाकेर भोजन गराउनु। यथाशक्ति दक्षिणा दिई नियम पूरा गर्नू। सांगे गरेको दिन घरमा कसैले पनि अमीलो वस्तु नखानू

र अरुलाई पनि नदिनू। यति कुरा सुनेर बूढीकी बुहारी गई र दाउरा खोजेर ल्याई-बाटोमै बेचिदिई। त्यही पैसाले गुड़-चना किनी अनि सन्तोषी माताको व्रत गर्न तत्पर भई। त्यहाँबाट अलि पर गएपछि सामुन्ने यौटा भव्य मन्दिर देखेर सोधी–यो कसको मन्दिर हो? तब कसैले भनिदियो–'सन्तोषी माताको मन्दिर हो।' त्यति सुन्नासाथ त्यो सरासर भित्र पसेर माताका चरणमा लम्पसार परेर बिन्ती गर्नलागी–हे माता! म अज्ञानी मूर्ख छू, हजुरको व्रतको नियम केही पनि जान्दिन। म साह्रै दुःखी छु। हे जगजननि! मेरो कष्ट नाश गरिदिनु हवस्, म शरणमा छु। त्यसको पुकार सुनेर मातालाई दया लाग्यो र यौटा शुक्रवार बितेर अर्को आउनासाथ त्यसको लोग्नेको पत्र आयो र तेस्रो शुक्रवार उसले पठाएका रुपियाँ पनि आइपुग्यो। त्यो देखेर जेठानीका मुख अँध्यारा भए र भनिन्–यतिका दिनमा त्यति जावो पैसा आयो त के आश्चर्य भयो! स-साना छोरा-छोरी भन्नलागे–'काकीको त अब चिठी, पैसा आउन थाल्यो। अब त काकीको सम्मान बढ्नेछ र काकी बोलाउँदा पनि बोल्नु हुने छैन।' त्यति सुनेर उसले नम्र वाणीमा भनी–'नानी बाबू हो! रुपियाँ आयो भने हामी सबैलाई असल हुनेछ।' यति भनेर आँखा

भरी आँसू गरी माताको मन्दिरमा पुगी र पाउमा परी रून लागी–माता! मैले हजुरसित रुपियाँ मागेकी थिइन। फेरि मलाई पैसाको के काम? मलाई त केवल आफ्नू सौभाग्यरूप पतिको सेवा चाकरी गर्न पाए पुग्छ। अनि माता प्रसन्न भएर भनिन्–'जा छोरी! तेरो पति छिटै नै आइपुग्नेछ।' यति सुनी घरमा आएर काम गर्न थाली। उता माताजी विचार गर्न लाग्नुभयो–'त्यो अज्ञानी केटीलाई तेरो पति आउनेछ त भनिदिएँ तर त्यो कसरी आउला? ऊ त सपनामा पनि यसलाई सम्झन्दैन। त्यसलाई सम्झाउन जानुपर्‍यो।' यति विचार गरेर त्यसलाई स्वप्नमा दर्शन दिई आज्ञा भयो–'ए साहूको छोरा! तिमी जागै छौ कि निदाएका छौ?' त्यो शब्द सुन्नासाथ त्यसले भन्यो–'म निदाएको पनि छैन र जागा पनि छैन, तन्द्रामा छु। आज्ञा होस् माता!' अनि माताले आज्ञा भयो–'तिम्रो घरबार केही छ कि छैन?' उसले भन्यो–'मेरा सबै छन् माताजी! दाजू भाइ, बहिनी, आमा-बाबु सबै छन् केही कमी छैन।' माताले भनिन्–'बाबू! तेरी पत्नीले ठूलो दुःख पाइरहेकी छ। तेरा बाबू-आमा कष्ट दिन्छन्। त्यो तेरै आशामा छ। त्यसलाई नबिर्सी।' उसले उत्तर दियो–'माता! त्यो कुरा म पनि जानिरहेको छु, तर के गरूँ! कसरी

जाऊँ? परदेशको कुरा, लेन-देनको कुनै हिसाब छैन। घर जाने बाटो देखिरहेको छैन।' माताले फेरि भन्नुभयो–'मेरो कुरा मानेर भोलि बिहानै उठी नित्य-क्रिया सकेर घिउको बत्ती बाली सन्तोषी माताको नाम स्मरण गरी पसलमा बस्नू, हेर्दाहेर्दै तिम्रो सारा लेन-देन चुक्ता हुनेछ। शेष रहेको माल पनि बिक्री हुनेछ र साँझसम्म धनको थुप्रो लाग्नेछ।'

यस्तो सपना देख्यो र प्रातः उठेर आफ्ना इष्ट-मित्रसंग सपनाको कुरा गर्‍यो त्यो कुरा नपत्याएर सबैले ठट्टामा उड़ाइदिए। त्यहीं भएको यौटा बूढोले भन्यो–'हेर भाई! मेरो कुरा मान्छौ भने साँचो झूठोको विवादमा नअल्झेर देवताले भने अनुसार गर्नमा तिम्रो केही हानी छैन।' बूढोको कुरा मानेर उसले प्रातः क्रिया सकी घिउको बत्ती बालेर पसलमा बस्यो। एक छिनमै लिने जति सबैले माल ल्याएर दिन लागे, सापटी लैजानेहरू तिर्न आइपुगे। किन्नेले पसलको सबै माल नगदमा किनेर लगे। साँझसम्म धनको थुप्रो लाग्यो। ऊ मनमनै माताको प्रभाव सम्झेर घर जानका लागि लुगा, गहना किन्यो र त्यहाँको सारा काम छिना-फाना गरी घर जान भनी हिंड्यो।

उता त्यसकी पत्नी दाउरा लिन जङ्गल जान्थी र फर्कन्दा माताको मन्दिरमा गएर विश्राम गर्दथी। माताको मन्दिर त उसको दिनहुँ बिसाउने स्थान भएको थियो। पर धूलो उडेको देखेर सोधी–'हे माता! धूलो किन उडेको होला?' माताले आज्ञा भयो–'हे पुत्री! तेरो स्वामी आइरहेको छ। अब तँ दाउरा तीन भारी पारेर यौटा खोलाको तीरमा राख, अर्को मेरो मन्दिरमा र तेस्रो आफ्नू शिरमा राख। तेरो दाउरा देखेर उसलाई मोह उत्पन्न हुनेछ र यहीं अडिने छ र खाना खाएर बिसाई आमालाई भेट्न जानेछ। अनि तिमी दाउराको भारी बोकेर घर जानू र आँगनको माझमा पछारेर वेसरी कराई भन्नू–'सासू बजै! दाउराको भारी बुझ र भूसको रोटी तथा नरिवनको खबटामा पानी द्यौ। आज को पाहुना आएको छ?'

जो आज्ञा माता! भान्दै दाऊराको तीन भारी लगाई र यौटा खोलाको किनारमा र एउटा माताको मन्दिरमा राखी। यत्तिकैमा यात्री आइपुग्यो र दाउराको भारी देखेर बिसाउन मन लागेर त्यहीं बसी खाना पकाएर खाई नदीको स्वच्छ जल पियो र एकछिन विश्राम गरी घर गयो। बाटोमा भेट्ने सबैसित प्रेमभावले मिल्यो। ठीक उसै बेला



त्यसकी स्त्री पनि दाउराको भारी आँगनमा फालेर तीन पल्ट चर्को स्वरले चिच्याई–'सासू बज्यै! दाउराको भारी बुझ अनि भूसको रोटी र नरिवलको खबटामा पानी देउ। आज को पाहुना आएको छ?'

बुहारीका त्यति कुरा सुन्नासाथ सासू आएर आफूले दिएको दुःख बिर्साउनको निम्ति भन्न थाली–'बुहारी! त्यस्तो किन भनेकी? तेरै स्वामी त आएको हो। आइज, यहाँ बस् र मीठो-मीठो खा, लूगा-गहना लगा।'

ती दुबै सासू र बुहारीको चर्को स्वर सुनेर त्यसको पति बाहिर निस्क्यो र आफ्नी स्त्रीको औंलामा आफूले दिएको औंटी देख्दा व्याकुल भयो र आमासित सोध्यो–'आमा! यो को हो?' आमाले भनी–'बाबू! यो तिम्री पत्नी हो। आज बाह्र वर्ष भयो, तिमी गएदेखि सारा गाउँभर पशु डुले झैं लुखुर-लुखुर डुलिरहन्छे। घरको केही पनि काम गर्दिन। बरु आएर चार पल्ट खान्छे। अहिले तिमीलाई देखेर भूसको रोटी र नरिवलको खवटामा पानी मागिरहेकी छ।' छोरो लज्जित हुँदै भन्छन्–'आमा! ठीकै छ। मैले यसलाई पनि देखें र तिमीलाई पनि देखिरहेको छु। अब मलाई अर्कै घरको

साँचो देऊ, म उहीं बस्तछु!' आमाले भनी–'असल हो छोरा! तिमीलाई जस्तो मनलाग्छ उसैगर' भन्दै साँचो उसको सामुन्ने फालिदिई। साँचो टिपेर अर्को घरको तेस्रो तलामा कोठा खोलेर आफूले ल्याएका सारा सामान राखिदियो। एक दिनमै त्यहाँ राजमहल जस्तै ठाट–बाट हुनगयो। अब केही अभाव थिएन। त्यो सुख भोग गर्न लागी। त्यसपछि अर्को शुक्रवार आयो र त्यसले आफ्नू पतिलाई भनी–'सन्तोषी माताको व्रत गरेको मलाई अब उद्यापन गर्नुछ।' पतिले भन्यो–'असल कुरा हो, खुशीसाथ गर।' उसले तत्काल उद्यापनको लागि चाहिने सामग्री ठिक्क पारी र भोजन गराउन जेठाज्यूका छोराहरूलाई डाक्न गई। सबैले स्वीकार गरे। जेठानीहरूले आफाफ्ना छोरालाई सिकाए–'बाबू हो! खाना खाँदा सबैले अमीलो माग्नु। अनि त्यसको उद्यापन अपूर्ण हुनेछ।' सबै बालकहरू भोजन गर्न गए। पेटभरी खीर खाए तर आमाले सिकाएका कुरा सम्झना साथ भन्नलागे–'हामीलाई अमीलो दिनुहोस्। यो खीर हामीलाई पटक्क मन परिरहेको छैन, देख्दै खान मन लागिरहेको छैन।' उसले भनी–'म कसैलाई पनि अमीलो दिन्न। यो श्रीसन्तोषी माताको उद्यापनको प्रसाद हो।' केटाहरू जुरुक्क उठेर

भन्नलागे–'हामीलाई पैसा दिनुहोस्।' विचरीलाई थाहा थिएन, अत: पैसा दिइन्। ती बालकहरू तत्काल बजार गएर अमीलो तित्री किनेर ल्याई खान लागे। त्यस्तो देखेर सन्तोषी माता रिसाउनु भयो। राजाका सिपाही आएर त्यसको लोग्नेलाई समातेर लगे। अनि जेठानीहरू अनेक थरिका कटु वचन भन्नलागे–'लुटी–लुटी जम्मा पारेको धन ल्याएको छ, अब राजाका सिपाहीले समातेर लगे। अब बल्ल थाहा पाउने छ, जब पुलिसको चुटाइ खानु पर्नेछ।'

त्यो स्त्रीले जेठानीहरूका वचन सहन सकिन र रुँदै–रुँदै सन्तोषी माताको मन्दिरमा पुगेर भनी–'हे माता! हजुरले यो के गरिबक्सियो! एकपल्ट खुशी दिएर फेरि यो किन रुवाउन थाल्नुभयो?' अनि माताले आज्ञा भयो–'हे पुत्री! तिमीले व्रतको उद्यापनमा मेरो नियम भङ्ग गरिदयौ। यति चाँडै मैले भनेका सवै कुरा बिर्सिदियौ?' उसले भनी–'माता! मैले केही बिर्सेकी छैन तर मलाई केटाहरूले भ्रममा पारिदिए। मैले तिनीहरूलाई पैसा दिएँ। मेरो यो अपराध क्षमा गरिदिनु हवस्। म हजुरको उद्यापन फेरि गर्दछु।' सन्तोषी माताले आज्ञा भयो–'अबदेखि यस्तो भूल नगर्नू।' उसले भनी–'अब यस्तो गलती हुने

छैन। हे माता! मेरा पति कसरी आउँछन्, आज्ञा हवस्।' माताले आज्ञा भयो–'जाऊ पुत्री! तिम्रो पति आउन लागेको बाटैमा भेटिने छन्।' ती मातालाई दण्डवत् गरेर फर्किइन् र बाटैमा पतिलाई आउन लागेका देखेर सोधिन्–'हजुर कहाँ जानु भएको थियो?' पतिले मुसुक्क हाँसेर भन्यो–'यतिका धन कमाएको कर दिएको थिएन। राजालाई त्यही कर बुझाएर आइरहेको छु।' उसले प्रसन्न भएर भनी–'असल भयो, अब घर जाउँ।' यति कुरा गर्दै दुवै जना घर आए। त्यसका केही दिनपछि फेरि शुक्रवार आयो। उसले फेरि पतिसित भनी–'मलाई सन्तोषी माताको व्रतको उद्यापन गर्नू छ।' पतिले भने–'अवश्य गर।' जेठाजूका छोराहरूलाई भोजनको निम्ता दिन गइन्। जेठानीहरूले केही बिझ्ने कुरा भनेर छोराहरूलाई सिकाए–बाबू हो! तिमीहरू सबैले खाने बेलामा अचार माग्नु। अनि खान बसेका केटाहरूले भने–'हामीलाई खीर खान पटक्क मन लागेन वाकवाकी लागेर आयो, अलिकति अमिलो अचार दिनुहवस्।' उनले भनिन्–'अमिलो खान पाइन्न। आउने भए आओ नआए नआओ।' त्यति सुनेपछि ती कुनै पनि आएनन्। अनि तिनले छिमेकी ब्राह्मणका छोराहरू डाकेर भोजन गराइन् र मीठो फल दक्षिणा दिइन्।

त्यस उद्यापनले सन्तोषीमाता प्रसन्न हुनुभयो। माताको कृपाले बितेका नौ महीनामा चन्द्रमा झैं सुन्दर छोरो बोकेर माताको मन्दिर जान लागिन्। अनि सन्तोषी माताको मनमा विचार आयो–यो पुत्री प्रतिदिन मेरो मन्दिरमा आउँछे, आज म नै यसको घर जानुपर्‍यो। यस्तो विचार गरेर माताले भयङ्कर ( डरलाग्दो ) रूप बनाई शखर एवं चनाले पोतिएको तुल्याएर अलि चोसो थुतुनो तुल्याई–त्यसमाथि झींगा भन्किरहेका थिए। यस्तो गरेर तिनको दैलामा पाइला राख्नुभयो। देख्नेबित्तिकै उसकी सासू कराइन्–हेर है, यो भयङ्कर रूप बनाएर कुनै बोक्सी वा डङ्किनी आइरहेकी छ। केटा हो! यसलाई लखेटेर भगाओ, नत्र कसैलाई खानेछ। बालकहरू कराउँदै झ्याल ढोका थुन्नलागे। बुढीकी बुहारी परबाट यो दृश्य हेरिरहेकी थिइन्–ती हर्षले विह्वल भएर कराइन्–आज मेरो घरमा मेरी आमा आउनु भयो–भन्दै दूध पिइरहेको पुत्रलाई भूमिमा राखिन्। त्यो देखेर सासू झन् रीसले चिच्याइन्–हेर यो राक्षसनी, त्यो डङ्किनीलाई देखेर उत्ताउली भएकी छ! सासूले त्यति भनेको सुन्नासाथ छोरालाई त्यहीं थच्याइदिइन्। सन्तोषी माताको प्रभावले त्यसै बेला जता हेर्‍यो उतै बालकहरू मात्र देखिनलागे। बुहारीले

भनी–'सासूबज्यै! म जसको व्रत गर्दछु–यी उनै सन्तोषी माता हुन्।' यति भन्नासाथ सबै झ्याल–ढोका आफै खुले। अनि त्यहाँ उपस्थित सबैले माताका चरणमा प्रणाम गरी बिन्ती गरे–हे माता! हामी मूर्ख र पापी छौं। हजुरका व्रतको विधि र नियम जान्दैनौं। हजुरको व्रत भङ्ग गरेर हामीले ठूलो अपराध गरेका छौं। हे जगज्जननि! हाम्रो अपराध क्षमा गर्नुहवस् भनी अनेक प्रकारले प्रार्थना गरेपछि सन्तोषी माता प्रसन्न हुनुभयो र ती बूढीको बुहारीलाई जस्तै सबैलाई इच्छा पूर्ण हुने गरी धन–सम्पत्ति र सन्तान दिनुभयो। जसरी ती बुढीकी बुहारीको कल्याण भयो, उसै गरी सन्तोषी माताको व्रत गर्ने सबैको कल्याण गरिदिनु हुन्छ, केवल मनमा विश्वास र भक्ति हुनु आवश्यक छ।

यो सन्तोषी माताको कथा भन्ने, सुन्ने र सुनाउने सबैको कल्याण हुन्छ, सन्देह मान्नु पर्दैन। यो कुरा प्रयोग र अनुभवले सिद्ध भइसकेको छ। सबै जना एक स्वरले भन्नुहवस्–

**सन्तोषी माताको जय! जय! जय!**

✡



योगसिद्ध विदेह जनकलाई गुरु अष्टावक्रले आधा श्लोकमा नै सबै शास्त्रको सार भन्नुभएको छ–

ग्रन्थ करोड़नमा कहिएको भन्छु म सबको सार। ब्रह्म सत्य जग झूठ हो बुझ तिमी ब्रह्म निहार ।।
जीवबाट नै जीव-जग माया खेल्दछ खेल। ब्रह्मरूप पहिचानिल्यौ, कट्ला जगतको जेल ।।

✡

## श्री सन्तोषी माताको आरती

हे सन्तोषी माता! जय सन्तोषी माता! आफ्ना सेवक जनमा सुख-सम्पति दाता ।।जय० स०।।
सुनौला सुन्दर सारी धारण गर्ने। हीरा पन्ना चम्कने गहना मनपर्ने ।।जय०।।१।।
गुराँस सरिको रातो रङ्गको मुखपद्म। तीनै भुवनका जन-मन मोहने हाँसो मन्द लिएकी ।।जय०।।२।।
स्वर्णासनमा विराजिएकी चमर हवा रुचिएकी। धूप-दीप मीठा मसला मनभोग धरे खुशिएकी ।।जय०।।३।।
सक्खर चना परम प्रिय मानी उसमै सन्तोष लिने। सन्तोषीमाता कहलाई सम्पत्ति अरुकन धेर दिने ।।जय०।।४।।
शुक्रवार प्रिय मानने आज छ दिन सोही। बाजे प्रभुको कथा कहन्छन् मालिक मोहे ।।जय०।।५।।
मन्दिर जगमग ज्योति भएको मङ्गल ध्वनिको गुञ्जन। विनय गर्छु म चरणमा शिर राखी मनले ।।जय०।।६।।

## सन्तोषी माताको हिंडोला ( पिङ )

झुल झुल हे सन्तोषी माता! यो हो सुनको झुलना — ( टेक )
गरीब मेरो जर्जर झुपडीमा गुजरान गर्छु म रामकुटियामा। आऊ सन्तोषी माता! भोको मेरो भावना।।झुल-झुल०।।
ग्वालबाल तिम्रो गाई चराउँछन् तिम्रो नाम लिंदै-घर आउँछन्! हेर-हेर सन्तोषी माता, शिशुको यो साधना।।झुल०।।
कुनै ग्वालले चरायो तिम्रो गाई, कसैकी गाईले देखी परचिई। पछि-पछि चली मनलाई वनबीच भयो ग्वाना।।झुल०।।
तिम्रो मन्दिरमा पुगेपछि आयो अचरज नाना।।झुल-झुल ए०।।
देख्यो जहाँ एक सुन्दर नारी, कोटिसूर्यसम तेज उज्यालो। मन्दिर आइस् किन ग्वाला! के तेरो चाहना?।।झुल-झुल०।।
थालमा भरि आयो भात, देखी ग्वालको मन मुर्मुरियो, भन्यो दिनोस यो मलाई आफै खान्छौं खाना।।झुल-झुल०।।
तलतलेटोको जलाशयमा आयो जलमा खोली सब धान गिरायो।
कपडामा सुनको दाग देख्यो पछितायो छाडी ताना।।झुल-झुल ए०।।
लेख्यो भावीले भाग्य गरीब आँखा अपराधी कान। आयो मन्दिरमा पायो ढोका बन्द अनि रोई गायो गाना।।झुल०।।
झुलना झुलेको परै सुनिएला, उसमा कृपा छ त्यो सुखिहोला। ढुङ्गामा सुन देख्ला उसले जस्कोहोस् साँचो भावना।।झुल०।।
आफ्नो रातो चुनरी उतारोस, माताजीमा सबै चढाओस्। भक्ति धरोस मनमा त पुगोस सबै चाहना।।झुल-झुल ए०।।


## सन्तोषी माताको हिंडोला ( पिङ )

झुल झुल हे सन्तोषी माता! यो हो सुनको झुलना — ( टेक )
गरीब मेरो जर्जर झुपडीमा गुजरान गर्छु म रामकुटियामा। आऊ सन्तोषी माता! भोको मेरो भावना।।झुल-झुल०।।
ग्वालबाल तिम्रो गाई चराउँछन् तिम्रो नाम लिंदै-घर आउँछन्! हेर-हेर सन्तोषी माता, शिशुको यो साधना।।झुल०।।
कुनै ग्वालले चरायो तिम्रो गाई, कसैकी गाईले देखी परचिई। पछि-पछि चली मनलाई वनबीच भयो ग्वाना।।झुल०।।
तिम्रो मन्दिरमा पुगेपछि आयो अचरज नाना।।झुल-झुल ए०।।
देख्यो जहाँ एक सुन्दर नारी, कोटिसूर्यसम तेज उज्यालो। मन्दिर आइस् किन ग्वाला! के तेरो चाहना?।।झुल-झुल०।।
थालमा भरि आयो भात, देखी ग्वालको मन मुर्मुरियो, भन्यो दिनोस यो मलाई आफै खान्छौं खाना।।झुल-झुल०।।
तलतलेटोको जलाशयमा आयो जलमा खोली सब धान गिरायो।
कपडामा सुनको दाग देख्यो पछितायो छाडी ताना।।झुल-झुल ए०।।
लेख्यो भावीले भाग्य गरीब आँखा अपराधी कान। आयो मन्दिरमा पायो ढोका बन्द अनि रोई गायो गाना।।झुल०।।
झुलना झुलेको परै सुनिएला, उसमा कृपा छ त्यो सुखिहोला। ढुङ्गामा सुन देख्ला उसले जस्कोहोस् साँचो भावना।।झुल०।।
आफ्नो रातो चुनरी उतारोस, माताजीमा सबै चढाओस्। भक्ति धरोस मनमा त पुगोस सबै चाहना।।झुल-झुल ए०।।

# श्रीसन्तोषी माताको कुमकुम-पत्रिका

आमा! तिम्रो छ नाम हजार।

कोही भन्दछन् ककोत्री रोजै बदल्छिन् ठाऊँ, कहाँ दर्शन पाऊँ?

ज्वालाजीमा ज्वाला कहियौ नगरकोटमा पूजा गरियौ! कोटि बाहुले गर्छ्यौ काम, तिम्रो के-के हो नाम?

विन्ध्याचलमा विन्ध्यवासिनी, मायापुरीमा चण्डी, कलकत्तामा कहिन्छ्यौ काली, तिम्रो भक्त दर्शनका लागि जाली

सम्भलपुरमा बहुचरा भनियौ, पावागढमा दुर्गा। गङ्गा यमुना तिम्रो धाम, नेपालमा गुह्येश्वरी हो नाम।।

कोटेश्वरमा सरस्वती भयौ, भद्रकाली छौ राजनगरमा। बम्बईमा छौ तिमी महालक्ष्मी असममा हौ कामाक्षी।।

करौलीमा कैला कहियौ, जम्बूमा छौ वैष्णवी। जहाँ छौ माता उहाँबाट आऊ, मेरो मनोरथ पूर्ण गराऊ, आमा तिम्रो०

।।इति श्रीसन्तोषी माताको व्रतकथा सम्पूर्ण।।



सं० २३

श्रीसन्तोषी माताको कुमकुम-पत्रिका

आमा! तिम्रो छ नाम हजार।

कोही भन्दछन् ककोत्री रोजै बदल्छिन् ठाऊँ, कहाँ दर्शन पाऊँ?

ज्वालाजीमा ज्वाला कहियौ नगरकोटमा पूजा गरियौ! कोटि बाहुले गर्छ्यौ काम, तिम्रो के-के हो नाम?

विन्ध्याचलमा विन्ध्यवासिनी, मायापुरीमा चण्डी, कलकत्तामा कहिन्छ्यौ काली, तिम्रो भक्त दर्शनका लागि जाली

सम्भलपुरमा बहुचरा भनियौ, पावागढमा दुर्गा। गङ्गा यमुना तिम्रो धाम, नेपालमा गुह्येश्वरी हो नाम।।

कोटेश्वरमा सरस्वती भयौ, भद्रकाली छौ राजनगरमा। बम्बईमा छौ तिमी महालक्ष्मी असममा हौ कामाक्षी।।

करौलीमा कैला कहियौ, जम्बूमा छौ वैष्णवी। जहाँ छौ माता उहाँबाट आऊ, मेरो मनोरथ पूर्ण गराऊ, आमा तिम्रो०

।।इति श्रीसन्तोषी माताको व्रतकथा सम्पूर्ण।।

कथा २३